# अपर तामाकोशी हाइड्रोपावर लिमिटेड

मुख्य कार्यालय, काठमाडौं

# पन्ध्रौं वार्षिक साधारण सभाको निर्णय पुस्तिका

## १. पृष्ठभूमिः

अपर तामाकोशी हाइड्रोपावर लिमिटेड सञ्चालक समितिको मिति २०८०/०३/२८ मा बसेको २७७औं बैठकको निर्णय अनुसार कम्पनीको पन्ध्रौं वार्षिक साधारण सभा मिति २०८०/०५/०६ गते बुधवारका दिन नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाडौंमा विहान ११:३० बजे बस्ने गरी प्रथम पटक मिति २०८०/०४/१६ को गोरखापत्रमा सूचना प्रकाशित गरी बोलाइएको थियो।

उक्त सूचना बमोजिम बोलाइएको कम्पनीको पन्धौं वार्षिक साधारण सभा निर्धारित मिति र समयमा नेपाल प्रज्ञा प्रतिष्ठानको सभाहलमा सञ्चालक समितिका अध्यक्ष श्री कुलमान घिसिङको अध्यक्षतामा सभा सञ्चालन भएको थियो। सञ्चालक सदस्यहरू, शेयरधनीहरू, आमन्त्रित महानुभावहरू तथा कम्पनीका पदाधिकारीहरूले आसन ग्रहण गर्नु भए पछि अध्यक्षको अनुमति लिई पन्धौं वार्षिक साधारण सभाको कार्यक्रम प्रारम्भ गरिएको थियो। सो वार्षिक साधारण सभा उक्त दिन विहान ११:३० बजे शुरु भई निर्धारित बिषयसूचिमा छलफल तथा निर्णय गर्ने कार्य सम्पन्न गरी दिनको २:३० बजे साधारण सभा समापन भएको थियो।

### (क) साधारण सभासम्बन्धी सूचना:

कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा (२) बमोजिम साधारण सभाको सूचना र सभामा छलफल हुने प्रस्तावहरूको सूची सहित शेयरधनीहरूको जानकारीको लागि प्रथम पटक मिति २०८०/०४/१६ को गोरखापत्र र पुनः मिति २०८०/०४/३१ को नयाँ पत्रिकामा सूचना प्रकाशित गरिएको थियो।

साथै, सो सूचना सहितका अन्य जानकारीहरू तथा अन्य विवरणहरू कम्पनीको कार्यालय, ज्ञानेश्वर तथा शेयर रजिष्ट्रारको कार्यालय सनराइज क्यापिटल लिमिटेड, कमलपोखरीमा सम्पर्क राखी प्राप्त गर्न सकिने जानकारी गराउनुको साथै सो सूचनाहरू उक्त दुवैस्थानको सूचनापाटीमा पनि टाँस गरी कम्पनीको Website- www.utkhpl.org.np मा पनि राखिएको थियो। साधारण सभाको सम्बन्धमा यथासमयमै नियामक निकायहरु विद्युत नियमन आयोग, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज लि. र सि.डि.एस.एण्ड क्लियरिंग लिं. मा पनि मिति २०८०/०५/०३ को पत्र मार्फत जानकारी गराइ साधारण सभामा आमन्त्रण गरिएको थियो।

### (ख) उपस्थितिः

मिति २०८०/०५/०६ मा सम्पन्न कम्पनीको पन्धौं वार्षिक साधारण सभामा निम्न बमोजिम उपस्थिति रहेको थियो।

(अ) सञ्चालक समितिः

श्री कुलमान घिसिङ -अध्यक्ष

| | |
|---|---|
| श्री संगिता पाहाडी | -सञ्चालक |
| श्री रामजी भण्डारी | -सञ्चालक |
| श्री लोकहरि लुइँटेल | -सञ्चालक |
| श्री मदन तिम्सिना | -सञ्चालक |
| श्री दर्शन भट्टराई | -सञ्चालक |
| श्री सृजना सुवेदी | -सञ्चालक |
| श्री राजन श्रेष्ठ | -सञ्चालक |
| श्री हरि भुर्तेल | -सञ्चालक |
| श्री दिपक कार्की | -सञ्चालक |
| श्री भोलानाथ घिमिरे | -स्थायी आमन्त्रित |
| श्री हेमन्त पोखरेल | -स्थायी आमन्त्रित |
| श्री सुरेश राज खकुरेल | -कम्पनी सचिव |

(आ) आमन्त्रितः

श्री विजय लाल श्रेष्ठ, प्रमुख कार्यकारी अधिकृत, सनराइज क्यापिटल लिमिटेड (शेयर रजिष्ट्रार)

(इ) व्यवस्थापनः

श्री मोहन प्रसाद गौतम, प्रमुख कार्यकारी अधिकृत, अपर तामाकोशी हाइड्रोपावर लि.

श्री राम सुन्दर श्रेष्ठ, अपर तामाकोशी हाइड्रोपावर लि.

(ई) शेयरधनीहरूः

साधारण सभा गर्ने प्रयोजनको लागि मिति २०८०/०४/२६ गते १ दिन शेयरधनी दर्ता पुस्तिका तथा शेयर दाखिला खारेजको कार्य बन्द गरिएकोले मिति २०८०/०४/२५ गते सम्म कारोवार भई शेयरधनी दर्ता किताबमा कायम रहेका ६,४६,८२४ जना शेयरधनीहरू मध्ये संस्थापक शेयरधनी (समूह-'क') अन्तर्गतका ४ वटा संस्था श्री नेपाल विद्युत प्राधिकरण, श्री नेपाल दूरसञ्चार कम्पनी लि., श्री राष्ट्रिय बीमा संस्थान र श्री नागरिक लगानी कोष शेयरधनी रहेकामा उक्त चारवटै संस्थाहरूका प्रतिनिधिहरू (कूल शेयरको ५१%) प्रत्यक्ष उपस्थित भई ५,४०,०९,००० कित्ता शेयरको प्रतिनिधित्व गर्नु भएको र सर्वसाधारण समुहका शेयरधनीहरू (समूह-'ख') मध्ये २७३ जना शेयरधनीहरू स्वयं प्रत्यक्षरुपमा उपस्थित हुनु भइ ९०,३११ कित्ता शेयरको प्रतिनिधित्व गर्नु भएको थियो। यसरी कूल शेयरधनीहरू मध्ये ५,४०,९९,३११ कित्ता शेयरको प्रतिनिधित्व हुने गरी साधारण सभामा जम्मा २७७ जना शेयरधनीहरूको उपस्थिति एवं सहभागिता रहेको थियो।

**(ग) गणपुरक संख्या तथा शेयर संख्याको प्रतिनिधित्वः**

| विवरण | शेयर संख्या |
|---|---|
| कम्पनीको बाँडफाँड भएको कूल शेयर संख्या | १०,५९,००,००० कित्ता |
| स्वयम उपस्थित भइ प्रतिनिधित्व गरेको शेयर संख्या | ५,४०,९९,३११ कित्ता |
| प्रतिनिधिपत्र मार्फत प्रतिनिधित्व गरेको शेयर संख्या | - |
| जम्मा उपस्थिती शेयर संख्या | ५,४०,९९,३११ कित्ता |

| | |
|---|---|
| बाँडफाँड भएको शेयरको तुलनामा जम्मा उपस्थितीको प्रतिशत | ५१.०८५% |
| कूल शेयरधनी संख्या | ६,४६,८२४ |
| स्वयम उपस्थित शेयरधनीको संख्या | २७७ |
| प्रतिनिधिपत्र मार्फत शेयरधनीको उपस्थिति संख्या | - |
| जम्मा उपस्थित शेयरधनी संख्या | २७७ |

२. **सभाको बैधानिकता:**

कम्पनीको पन्धौं वार्षिक साधारण सभा आज मिति २०८०/०५/०६ का दिन बस्ने गरी प्रथम पटक मिति २०८०/०४/१६ को गोरखापत्रमा सूचना प्रकाशित गरी बोलाईएको यस सभामा कम्पनी ऐन, २०६३ को दफा ७३ (२) र यस कम्पनीको नियमावलीको नियम ५ को उपनियम (१) मा व्यवस्था भए अनुरुप साधारण सभा गर्न आवश्यक गणपुरक संख्या भन्दा बढी शेयरधनीहरूको उपस्थिति (५१.०८५%) रहेको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६९ अनुरुप सभा रित पूर्वक बोलाइएको ठहर गरी विधिवत रुपमा साधारण सभाको कार्वाही अगाडी बढाउने निर्णय भयो ।

३. **साधारणसभामा पेश भएका प्रस्तावहरू:**

पन्धौं वार्षिक साधारण सभामा छलफल तथा निर्णयका लागि निम्नानुसारका ३ वटा सामान्य प्रस्तावहरू तथा १ वटा विशेष प्रस्ताव माथी छलफल गर्ने गरी सूचना प्रकाशित भएको व्यहोरा कम्पनी सचिवले सभामा जानकारी गराउनु भयो ।

**सामान्य प्रस्ताव-**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूबाट प्रस्तुत हुने कम्पनीको आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रतिवेदन पारित गर्ने ।
२. लेखापरीक्षणको प्रतिवेदन सहितको २०७९ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को नाफा नोक्सान हिसाव र नगद प्रवाह सहितको आर्थिक विवरणमाथि छलफल गरी पारित गर्ने ।
३. लेखापरीक्षण ऐन, २०७५ को दफा ११ बमोजिम श्री महालेखा परीक्षकको कार्यालयको परामर्श तथा कम्पनी ऐन, २०६३ को दफा १६५ (घ) को प्रावधान अनुरुप लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व. २०७९/८० को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्ताव पारित गर्ने ।

**विशेष प्रस्ताव-**

१. आयोजना प्रभावित दोलखा जिल्ला स्थित विभिन्न सामाजिक संस्थाहरू लगायत अन्य संस्थाहरूलाई सञ्चालक समितिको बिभिन्न मितिको निर्णय र प्रमुख कार्यकारी अधिकृतलाई प्राप्त अख्तियारी भित्र रही आ.व.२०७८/७९ मा उपलब्ध गराइएको आर्थिक सहयोग रकम अनुमोदन गर्ने सम्बन्धमा ।

४. **सभा संचालन तथा सञ्चालक समितिको तर्फबाट अध्यक्षद्वारा वार्षिक प्रतिवेदन प्रस्तुत:**

बिधिवत रुपमा साधारण सभाको कार्यक्रम संचालन भएपछि अध्यक्ष श्री कुलमान घिसिङलाई कम्पनीको पन्धौं वार्षिक साधारण सभामा प्रस्तुत हुने आ.व. २०७८/७९ को वार्षिक प्रतिवेदन सभासमक्ष प्रस्तुत गर्न अनुरोध गरियो । सञ्चालक समितिका अध्यक्ष एवं साधारण सभाका सभाअध्यक्ष श्री कुलमान

घिमिरेले साधारण सभामा उपस्थित/सहभागी सम्पूर्ण शेयरधनीहरूलाई स्वागत गर्दै कम्पनीको आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भयो । अध्यक्षबाट वार्षिक प्रतिवेदन प्रस्तुत भएपछि शेयरधनीहरूलाई उपलब्ध गराइएको उक्त वार्षिक प्रतिवेदन तथा आ.व.२०७८/७९को लेखापरीक्षण प्रतिवेदन सहितको को आर्थिक विवरणमा आफ्नो राय, प्रतिकृया तथा सुझाव राख्न तथा सो सम्बन्धमा छलफलको लागि शेयरधनीहरूलाई अनुरोध गरिएको थियो ।

५. **शेयरधनीहरूको मन्तव्य तथा प्रस्ताव उपर छलफल:**

यसरी राय प्रतिकृया र सुझावका लागि अनुरोध गरिएपछि आफ्नो मन्तव्य राख्न १३ जना शेयरधनीहरूले नाम लेखाउनु भएकोमा त्यसरी नाम लेखाउनु हुने सबै शेयरधनीहरूले निम्नानुसार आफ्नो राय सुझाव सहित मन्तव्य राख्नु भएको थियो ।

१. श्री शत्रुघन श्रेष्ठ-

माथिल्लो तामाकोशी जलविद्युत आयोजना निर्माणको क्रममा भूकम्प, मधेश आन्दोलन, कोभिड-१९ लगायत विभिन्न कारणले आयोजनाको निर्माण अवधि लम्बिन गएकोले आयोजनाको लागत बढ्न गएता पनि सो स्वभाविक नै रहेको र हालको हकप्रद शेयरको स्वागत गर्दै निकट भविष्यमा कम्पनी नाफामा गई बोनस पाउने अपेक्षा राख्नु भयो ।

२. श्री उद्धव प्रसाद घिमिरे-

सभामा कम्पनीको वित्तीय विवरण विश्लेषण गर्ने अवसर दिनु भएकोमा धन्यवाद दिँदै उक्त वित्तिय विवरणमा ग्राफ चार्ट, वार चार्टहरु र सभामा Power Point, Video नराखेकोमा गुनासो गर्नु भयो । साथै, सञ्चालक समितिमा स्वतन्त्र सञ्चालकको नियुक्ति नभएको र सञ्चालक समितिको आकार ठूलो भएकोले घटाउन, विद्युत खरिद बिक्री सम्झौता (PPA) पुनरावलोकन गर्न, प्रशासनिक खर्च घटाउन, ऋण प्रदायक संस्थाहरुले व्याज दर घटाउन सुझाव राख्दै कम्पनीको उत्तरोत्तर प्रगतिको लागि शुभकामना दिनु भयो ।

३. श्री सुदिप श्रेष्ठ-

कम्पनीले प्राथमिक शेयर निष्काशन गर्दाको खुसियाली कायम राख्दै हकप्रद शेयर निष्काशनको स्वागत गर्नु भयो । कम्पनीको वित्तीयस्थिति मजबुत नभए सम्म आर्थिक सहयोग लगायतका प्रशासनिक खर्चहरुमा नियन्त्रण गर्नु पर्ने धारणा राख्नु भयो ।

४. श्री निरुपमा गुप्ता -

कम्पनीको वित्तीय विवरणको विश्लेषण गर्दै कम्पनी नोक्सानीमा रहेकोमा चिन्ता गर्नु भयो । हकप्रद शेयरबाट प्राप्त रकमबाट कम्पनीको वित्तीयस्थितिमा सुधार आउने धारणा राख्दै गत वर्षको तुलनामा यस वर्षको प्रशासनीक खर्च बढेकोमा स्पष्ट पार्न अनुरोध गर्दै कम्पनीको प्रगतिको लागि शुभकामना दिनु भयो ।

५. श्री ब्रम्हदेव शाक्य-

साधारण शेयरधनीको हैसियतले लगानी गर्ने अवसर पाँउदा खुसी लागेको भएता पनि कम्पनीको नोक्सानी बढ्दै गएकोमा भने चिन्ता लागेको धारणा राख्नु भयो । कम्पनीबाट उत्पादित बिजुलीले देशलाई समग्रमा आत्मनिर्भरता तर्फ उन्मुख गराउन सघाउ पुर्याएकोले आगामी दिन शुभ रहोस भन्ने कामना गर्नु भयो ।

६. श्री चन्द्र नारायण श्रेष्ठ-

कम्पनीमा ऋण लगानी गर्ने संस्थाहरुको व्याजदर महँगो भएकोले सो ऋणलाई Equity मा बदल्न सुझाव राख्दै कम्पनीको वित्तीय विश्लेषण गर्दै हकप्रद शेयरको स्वागत गर्नु भयो।

७. रोज कुमार श्रेष्ठ-

कम्पनीले हकप्रद शेयर निष्काशन गरी प्राप्त हुने रकमबाट अल्पकालिन ऋण चुक्ता गरे पश्चात कम्पनी नाफामा जाने भएकोले केहि वर्ष पछि डिभिडेन्ड पाउने अपेक्षा राख्दै हालको आयोजना अर्धजलाशय भएता पनि Run of River को मान्यतामा PPA भएकोले सो PPA दर पुनरावलोकन गरी अर्धजलाशय सरहको सुविधा प्राप्त गर्न पहल गर्नु पर्ने सुझाव राख्दै सञ्चालक समितिको आकार घटाउनु पर्ने धारणा राख्नु भयो।

८. कृष्ण प्रसाद अधिकारी -

स्वस्तीवाचन सहित कम्पनीको भलाईमा ध्यान दिनुका साथै आगामी दिनमा सञ्चालक समितिको आकार सानो बनाउन र वित्तीय प्रतिवेदन नेपाली भाषामा प्रकाशित गर्नु पर्ने सुझाव राख्नु भयो। साथै, हालको अवस्थामा कम्पनी ऋणको भारमा डुबेको हुँदा सरकारी संस्थाहरुले व्याजदरमा सहुलियत दिनु पर्ने, नेपाल विद्युत प्राधिकरणले विद्युत खरिद दरमा पुनरावलोकन गर्नु पर्ने र सर्वसाधारण शेयरधनीको तर्फबाट निर्वाचित सञ्चालक लगायत सबैले इमान्दारीपूर्वक राम्रो काम गर्न सुझाव दिँदै अध्यक्षज्यूको काम प्रति प्रशंसा गर्दै शुभकामना दिनु भयो।

९. डम्मरु वल्लभ घिमिरे -

कम्पनीको पन्ध्रौं वार्षिक साधारण सभामा कम्पनीका अध्यक्ष, सञ्चालकहरु, कर्मचारीहरु, पत्रकार र सबै शेयरधनीहरुलाई अभिवादन गर्दै लगानी गरेको लामो समय भई सकेकोले बिगतका साधारण सभाहरुमा दिइएका सुझावहरु पालना गर्न सुझाव दिनु भयो। कम्पनीमा ऋण लगानी गर्ने सरकारी संस्थाहरुको व्याजदर महँगो भएको र विद्युत खरिद बिक्री दर अन्य कम्पनीको तुलनामा सस्तो भएकोले कम्पनी नोक्सानी जानुमा मुख्य कारक तत्व भएको हुँदा यो दुवै विषयमा पुनरावलोकन गर्न कम्पनीको नेतृत्वलाई सुझाव दिनु भयो। कम्पनीको सञ्चालक समितिको आकार ठूलो भएकोले ७ जनामा सिमित गर्न र आगामी वर्ष देखि समयमा साधारण सभा गर्न पनि सुझाव दिनु भयो।

१०. उत्तम पाठक –

कम्पनीको प्रबर्धनमा निर्मित राष्ट्रिय गौरबको माथिल्लो तामाकोशी जलविद्युत आयोजना निर्माणको चरणमा भूकम्प लगायत प्राकृतिक तथा विभिन्न कारणले निर्माण अवधि बढ्न गएकोले निर्माण अवधिको व्याज, विदेशी मुद्राको मुल्य वृद्धि, निर्माण सामाग्रीको मुल्य वृद्धि लगायतका कारणले आयोजनाको लागत बढ्न गई प्रति मेगावाट रु.१९ करोड ५० लाख पर्न भएको देखिएता पनि सो लागत अन्य प्राइभेट कम्पनीहरुद्वारा प्रवर्धित आयोजनाहरुको तुलनामा धरै न्यून रहेकोले कम्पनी व्यवस्थापनको नियतमा शंका गर्नु आवश्यक नभएको बताउनु भयो। साथै, कम्पनीका कार्यकारी प्रमुखको सुविधा पनि अन्य कम्पनीको तुलनामा नगन्य नै रहेको हुँदा यसमा विरोध गर्नुको औचित्य नभएको धारण राख्दै कम्पनीको वित्तीय विवरण अध्ययन गर्दा Depreciation र ऋणको ठूलो भारले गर्दा कम्पनी नोक्सानीमा गएको देखिएता पनि केहि समय पछि कम्पनीले राम्रो नतिजा दिने कुरामा सकारात्मक सन्देश दिँदै कम्पनी प्रति नकारात्मक तरिकाले आलोचना मात्र गर्नु नहुने र

हकप्रद शेयर निष्काशनबाट प्राप्त हुने रकम कम्पनीको हित हुने काममा मात्र प्रयोग गर्न पनि सुझाव दिनु भयो।

११. दिपक प्रधान-

कम्पनीको वार्षिक साधारण सभा पौष महिना भित्र सम्पन्न गर्ने, आवश्यकता अनुसार मात्र हकप्रद शेयर माग गर्नु पर्ने भएकोले सधै हकप्रद शेयर माग गर्ने मानसिकता त्याग गर्नु पर्ने, सञ्चालक समितिको आकार ठूलो भएकोले ७ जनाको संख्यामा सिमित गर्नु पर्ने सुझाव राख्दै अहिले कम्पनी नोक्सानीमा रहेकोले कति वर्ष पछि बोनस पाउने अवस्था आउने हो ? भन्ने प्रश्न पनि राख्नु भयो।

१२. इन्द्र कुमार श्रेष्ठ-

कम्पनीको वित्तीय विवरण समयमा उपलब्ध नभएकोले अध्ययन गर्न नपाएको लगायत कम्पनी व्यवस्थापनको कमी कमजोरीहरु र सञ्चालक समिति ठूलो आकारको भएकोमा गुनासो राख्दै स्वदेशमा उत्पादित विद्युत भारत र बंगलादेश सम्म निर्यात गर्ने पहल गर्नु भएकोमा अध्यक्षज्यूको प्रशंसा गर्नु भयो।

१३. दिव्य ध्वज कार्की-

माथिल्लो तामाकोशी जलविद्युत आयोजना, जनसरोकार समिति दोलखाका संयोजक तथा आयोजना प्रभावित क्षेत्रका शेयरधनी श्री दिव्यध्वज कार्कीले माथिल्लो तामाकोशी जलविद्युत आयोजनालाई स्वदेशी पूँजी लगानीमा नै निर्माण गर्नु पर्छ भन्ने अभियानका मुख्य अभियन्ता पूर्व आयोजना निर्देशक श्री मृगेन्द्र बहादुर श्रेष्ठ र सो अभियानलाई साकार पार्न राजनैतिक वृत्तमा सहयोग पुर्‍याउनु हुने पूर्व माननीय मन्त्री स्व. श्री भीम बहादुर तामाङको प्रशंसा गर्नु भयो।

आयोजना निर्माणको क्रममा विभिन्न प्राकृतिक प्रकोप तथा आरोह अवरोहका कारण निर्माण अवधि लम्बिन गएको र विदेशी मुद्राको मुल्य वृद्धि, निर्माण समाग्रीको मुल्य वृद्धि, निर्माण अवधिको चर्को व्याज पूँजीकरणका कारण आयोजनाको लागत बढ्नु स्वाभाविक भएकोले अनियमित तरिकाले लागत बढाएको आरोप लगाउनु नहुने धारणा राख्नु भयो।

कम्पनीमा ऋण लगानी गर्ने संस्थाहरु आफै शेयरधनी पनि भएकोले ऋणको व्याज दर घटाउनु पर्ने, विद्युत खरिद बिक्री सम्झौता बमोजिम विद्युत उत्पादन हुन नसकेको अवस्थामा प्राधिकरणले दण्ड जरिवाना आदि लगाउनु नहुने र स्वदेशमा नै प्रशस्त विद्युत उत्पादन गरेर विदेशी इन्धन तथा ग्यासको आयात घटाई विस्थापन गरिदिन अध्यक्षज्यूलाई आग्रह गर्नु भयो। साथै, रोल्वालिङ खोला जलविद्युत आयोजना निर्माण शुरु भएकोमा हर्षित हुँदै शिघ्र निर्माण सम्पन्न गर्न शुभकामना दिँदै कम्पनीको उज्ज्वल भविष्यको कामना गर्नु भयो।

६. **<u>अध्यक्ष श्री कुलमान घिसिङबाट वक्ता शेयरधनीहरुबाट प्रस्तुत राय प्रतिक्रया तथा जिज्ञासाका सम्बन्धमा दिइएको जवाफः</u>**

कम्पनीको पन्ध्रौं साधारण सभामा १३ जना शेयरधनीहरूले मन्तव्य राख्नु भएकोमा अधिकांशले मुख्यतः आयोजनाको लागत बढेकोले कम्पनी घाटामा गएको, ऋणको व्याजदर महँगो भएको, सञ्चालक समितिको आकार ठूलो भएको, विद्युत खरिद बिक्री दर सस्तो भएको र लगानी गरेको धेरै वर्ष भईसकेकोले बोनस पाउने मिति सुनिश्चितता हुनु पर्ने धारणाहरु राख्नु भएको थियो। उपरोक्त

विषयहरुमा शेयरधनीहरुबाट उठाइएका प्रश्न तथा जिज्ञासाहरुका सम्वन्धमा अध्यक्षज्यूबाट निम्नानुसार आफ्नो भनाईहरु राख्नु भयोः

- राष्ट्रिय गौरवको माथिल्लो तामाकोशी जल विद्युत आयोजना स्वदेशी पूँजी लगानीमा निर्माण गर्ने क्रममा यसमा लगानी गर्ने सबै शेयरधनीहरुको ठूलो योगदान रहेको हुँदा तत्काल Dividend पाउने अवस्था नभएता पनि केहि समय पछि कम्पनीबाट लाभ नै पुग्ने र Dividend मात्र नभएर Capital Gain को माध्यमबाट पनि लगानी कर्ताहरुको हित नै भइरहेको मात्र नभएर कम्पनीबाट उत्पादित विद्युतको प्रयोग तथा व्यापारबाट नेपालको GDP मा १ % (एक प्रतिशत) योगदान रहेको कुरा विज्ञहरुबाट प्रक्षेपण भएको हुँदा यसबाट देशलाई फाइदा पुगेको धारणा राख्नु भयो।
- ४५६ मेगावाट क्षमताको माथिल्लो तामाकोशी जलविद्युत आयोजना निर्माणको लागि विस्तृत अध्ययन गर्न नियुक्त विदेशी परामर्शदाताले निर्माण अवधिको व्याज बाहेक USD 553 Million Dollar लाग्ने प्रतिवेदन पेश गरेकोमा आयोजना स्वदेशी लगानीमा निर्माण गर्ने सुनिश्चित भए पछि निर्माण अवधिको व्याज बाहेक US$ 441 Million Dollar लागत अनुमान स्वीकृत भई सो को सटही दर रु. ८०/- का दरले रु.३५ अर्ब २९ करोड ४१ लाख हुने र ५.५ वर्षमा निर्माण सम्पन्न गर्ने लक्ष्य रहेकोमा २०७२ वैशाखको भूकम्पबाट २ वर्ष निर्माणको कार्य रोकिएको, त्यस पश्चातको तराई आन्दोलन, Covid-19 लगायतका कारणले निर्माण सम्पन्न गर्न १० वर्ष समय लागेकोले यस अवधिमा थप हुन गएको निर्माण अवधिको व्याज २० अर्ब, विदेशी मुद्राको सटही दर रु.८०/- बाट बढ्न गई रु.१३०/- सम्म पुगेकोले यसबाट रु.१० अर्ब र राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा निर्माण सामाग्रीको मुल्य वृद्धिको कारण खरिद सम्झौता अनुसार मुल्य समायोजन गर्नु पर्दा करीब रु. ५ अर्ब समेत रु. ३५ अर्ब थप लागत बढ्न गएको यथार्थ जानकारी दिनु भयो। आयोजना निर्माणको लागि कम्पनीले करीब ७० किलोमिटर सडक, र ४७ किलोमिटर लामो २२० के.भी. प्रशारण लाइन र न्यूखिम्ती सवस्टेशन निर्माणको लागत सहित आयोजनाको कूल पूँजीकृत लागत रु. ८९ अर्ब ५० करोड हुन गएको भएता पनि प्रति मेगावाटको हिसावले रु. १९ करोड ५० लाख मात्र भएको हुँदा अन्यको तुलनामा महँगो भन्न नमिल्ने जानकारी गराउनु भयो।
- कम्पनीमा सञ्चालक समितिको आकार ठूलो भएकोले घटाई ७ जनामा सिमित गर्नु पर्ने सुझावको सम्वन्धमा कम्पनीको आकार तथा आयोजना निर्माणको लागि पूँजी जुटाउने सन्दर्भमा भएका सहमति तथा सम्झौताहरु, कम्पनीको प्रबन्धपत्र तथा नियमावली र कम्पनी ऐनमा भएको व्यवस्थाहरु अनुरुप नै सञ्चालक समितिको गठन भएको र जटिल प्रकृतिका निर्णय प्रक्रियामा सामुहिक रुपले जोखिमहरु बहन गर्दै निर्दिष्टलक्ष्य हासिल गर्न सफल हुने भएकोले ठूलो आकारको सञ्चालक समितिको फाइदा रहेको र स्वतन्त्र सञ्चालक नियुक्तिको लागि नियमानुसार प्रक्रिया शुरु भईसकेको कुरा पनि अध्यक्षज्यूबाट स्पष्ट पार्नु भयो।
- हाल आयोजना निर्माण सम्पन्न भई साँवा र व्याज सहित त्रैमासिक रुपमा ऋणको किस्ता तिर्न शुरु भईसकेको अवस्था रहेकोले ऋण लगानीको जोखिम नभएको हुँदा कम्तीमा पनि ५ वर्ष अवधिको लागि एक अंकको स्थिर व्याजदर कायम हुने गरी पुनरावलोकनको लागि सबै ऋण प्रदायक संस्थाहरुलाई पत्र मार्फत अनुरोध गरि सकेको हुँदा यसको सफल कार्यान्वयनको लागि फलोअप पनि भइरहेको बताउनु भयो।

- नेपाल सरकारबाट प्राप्त विद्युत उत्पादन अनुमतिको बाँकी अवधि भित्र आयोजनाको पूँजीकृत सम्पत्तिको ह्रासकट्टी गरि सक्नु पर्ने र सो छोटो अवधि भएकोले ह्रासकट्टीको ठूलो अंकको भारको कारण कम्पनी नोक्सानीमा गएको हुँदा उत्पादन अनुमति पत्रको अवधि वृद्धिको लागि नेपाल सरकार समक्ष अनुरोध गरिने र सो को स्वीकृति प्राप्त भएमा कम्पनीलाई फाइदा पुग्ने कुरा राख्नु भयो।
- कम्पनीबाट उत्पादित विद्युत *Take or Pay Basis* मा विद्युत खरिद बिक्री सम्झौता भएकोले सम्झौता अनुरुप नभई कमी कमजोरी भएको अवस्थामा कम्पनी र नेपाल विद्युत प्राधिकरण दुवैपक्ष जरिवानाको भागिदार हुने हुँदा यसबाट कम्पनीलाई मात्र असर नपर्ने र विद्युत खरिद बिक्री सम्झौता पुनरावलोकन गर्दा अरु धेरै स्वतन्त्र विद्युत उत्पादक कम्पनीहरु समेतको आवाजलाई सम्वोधन गर्नु पर्ने भएकोले सो सम्भव नहुने कुरा स्पष्ट पार्नु भयो।

शेयरधनीहरूको जिज्ञासाका सम्बन्धमा जवाफ दिने क्रममा माथिल्लो तामाकोशी जलविद्युत आयोजना सफलतापूर्वक निर्माण सम्पन्न भईसकेको सन्दर्भमा दोश्रो चरणमा २०.६६ मेगावाट क्षमताको छुट्टै रोल्वालिङ्ग खोला जलविद्युत आयोजना सहित समग्र रोल्वालिङ खोला डाइभर्सन स्कीम निर्माणको प्रक्रिया प्रारम्भ भईसकेको र अन्य उपयुक्त ठूला आयोजनाहरुको पनि खोजी भईरहेको कुरा जानकारी गराउँदै भर्खरै कम्पनीले आय आर्जन गर्न शुरु गरेकोले कम्पनीबाट फाइदा लिन केही समय धैर्य गर्न पनि शेयरधनी महानुभावलाई आग्रह गर्नु भयो।

७. **पन्ध्रौं वार्षिक साधारण सभामा प्रस्तुत प्रस्ताव तथा निर्णयहरू:**

शेयरधनीहरूबाट उठाइएका जिज्ञासाका सम्बन्धमा अध्यक्षबाट जवाफ दिने क्रम सकिएकोले कम्पनी सचिबले बिषयसूचि अनुसार प्रस्तावहरू निर्णयार्थ सभा समक्ष प्रस्तुत गर्नु भयो। बिषयसूचि अनुसार पन्ध्रौं वार्षिक साधारण सभामा निर्णयार्थ पेश भएका निम्न प्रस्तावहरूमा सभाबाट निम्न बमोजिम निर्णय भयो।

**साधारण प्रस्ताव:**

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्ष श्री कुलमान घिसिङज्यूले प्रस्तुत गर्नु भएको आ.ब.२०७८/७९ को वार्षिक प्रतिबेदनमा छलफल भई त्यसमा उठेका प्रश्न तथा जिज्ञासाको सम्बन्धमा जवाफ दिने काम पनि सकिएकोले सञ्चालक समितिको तर्फबाट अध्यक्षद्वारा प्रस्तुत वार्षिक प्रतिवेदन पारित होस भनि कम्पनी सचिवले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सो प्रस्ताव सर्वसम्मतीबाट पारित गर्ने निर्णय भयो।

(२) आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण प्रतिवेदन सहितको २०७९ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण सहितको वित्तीय विवरण साधारण सभाको बिषयसूचिसँगै शेयरधनीहरूलाई उपलब्ध गराइएको र उक्त वित्तीय विवरणमाथिको छलफल पनि समाप्त भएकोले उक्त आर्थिक वर्षको वित्तीय विवरण पारित गरियोस भनी कम्पनी संचिवले सभा समक्ष प्रस्ताव प्रस्तुत गर्नु भएकोमा उक्त प्रस्ताव सर्वसम्मतीबाट पारित गर्ने निर्णय भयो।

(३) **लेखापरीक्षक नियुक्ति र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा:**

आ.व.२०७९/८० को हिसाब किताब लेखापरीक्षण गर्नकोलागि लेखापरीक्षक नियुक्ति गर्न लेखापरीक्षण ऐन, २०७५ को दफा ११ मा भएको व्यवस्था बमोजिम श्री महालेखा परीक्षकको कार्यालयबाट परामर्श

प्राप्त गर्न अनुरोध गरिएकोमा श्री महालेखा परीक्षकको कार्यालयको मिति २०८०/०३/२४ को पत्रबाट चार्टर्ड एकाउन्टेन्ट द्वय श्री अनिल पौडेल र श्री उमेश राज पाण्डेलाई (प्रथम पटक) संयुक्त रुपमा लेखापरीक्षक नियुक्त गर्न परामर्श प्राप्त भएको ब्यहोरा सभामा जानकारी गराइयो।

यसै सन्दर्भमा कम्पनी ऐन २०६३ को दफा १६५ (घ) मा भएको प्रावधान अनुसार कम्पनीको लेखापरीक्षण समितिको मिति २०८०/०४/३० मा बसेको बैठकबाट श्री महालेखा परीक्षकको कार्यालयबाट प्राप्त परामर्श अनुरुप चार्टर्ड एकाउन्टेन्ट द्वय श्री अनिल पौडेल र श्री उमेश राज पाण्डेलाई आ.व.२०७९/८० को लेखापरीक्षक नियुक्त गर्न र लेखापरीक्षण शुल्क(पारिश्रमिक)को हकमा गत आ.व.२०७८/७९ को लागि तोकिएको शुल्क सरह संयुक्त रुपमा एकमुष्ठ मूल्य अभिबृद्धि कर सहित रु.५,६५,०००/- (पाँच लाख पैसट्ठी हजार) मध्ये दुईजनालाई आधा-आधा अर्थात प्रति व्यक्ति मूल्य अभिबृद्धि कर सहित रु.२,८२,५००/- (दुई लाख बयासी हजार र पाँच सय ) का दरले निर्धारण गर्न समेत साधारण सभालाई सिफारिस गर्ने निर्णय भएको हुँदा सोही सिफारिस बमोजिम पारिश्रमिक निर्धारण हुने गरी लेखापरीक्षक नियुक्त गर्ने निर्णय हुन प्रस्ताव गरिएकोमा निर्धारित समयमा नै लेखापरीक्षण सम्पन्न गर्ने गरी प्रस्ताव बमोजिम नै लेखापरीक्षक नियुक्त गर्ने तथा पारिश्रमिक तोक्ने सर्ब सम्मत निर्णय भयो।

(१) **आर्थिक सहयोग उपलव्ध गराइएको रकम अनुमोदन सम्बन्धमा:**

कम्पनी ऐन, २०६३ (संशोधन सहित) को दफा १०५ को उपदफा (१) को खण्ड (ग) मा कम्पनीको कर्मचारी वा आफ्नो व्यवसाय प्रवर्धनको लागि दिएको अनुदान, चन्दा, उपहार आदिमा गरिएको खर्च बाहेक एक आर्थिक वर्षमा रु.१,००,०००/- (एक लाख) वा कम्पनीको विगत तीन आर्थिक वर्षको सरदर खुद मूनाफाको एक प्रतिशतले हुन आउने रकम मध्ये जुन कम हुन्छ सो रकम भन्दा बढी रकम चन्दा, अनुदान वा दान दिन साधारण सभाबाट विशेष प्रस्ताव पारित हुनु पर्ने प्रावधान रहेको कुरा सभामा जानकारी गराइयो।

यस सम्बन्धमा कम्पनीको वार्षिक प्रतिवेदन अवधी आर्थिक वर्ष २०७८/७९ मा आयोजना प्रभावित दोलखा जिल्ला स्थित विभिन्न सामाजिक संस्थाहरू लगायत अन्य संस्थाहरूलाई सञ्चालक समितिको विभिन्न मितिको निर्णय तथा प्रमुख कार्यकारी अधिकृतलाई प्रत्यायोजित अधिकारको सीमा भित्र रहि आर्थिक सहयोग उपलब्ध गराइएको रकम रु.६,०६,३००/- (छ लाख छ हजार तीन सय) खर्च भएकोले सो रकम अनुमोदनको लागि विशेष प्रस्ताव प्रस्तुत गरिएकोमा उक्त प्रस्ताव सर्वसम्मतीबाट स्वीकृत गर्ने निर्णय भयो।

७. **सभा विसर्जन:**

पन्ध्रौं वार्षिक साधारण सभामा प्रस्तुत प्रस्तावहरू उपर छलफल भई सर्वसम्मत निर्णय भएको र विविध शीर्षकमा कुनै पनि प्रस्ताव नभएको हुँदा कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री मोहन प्रसाद गौतमले सभामा सहभागी भई सभालाई सुचारु रुपमा सम्पन्न गर्न गराउन सहयोग पुर्याउनु हुने सबै शेयरधनी, सञ्चालक समितिका सदस्यहरू, शेयर रजिष्ट्रार, पत्रकार र आमन्त्रित महानुभावहरु तथा कम्पनी व्यवस्थापन तथा आयोजना निर्माणमा संलग्न कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दै २:३० बजे सभा विसर्जन भएको घोषणा गर्नु भयो।

माथी उल्लिखित निर्णयार्थ पेश भएका प्रस्तावहरू सम्वन्धमा कम्पनीको पन्ध्रौं वार्षिक साधारण सभामा छलफल भई सर्वसम्मत पारित गर्ने निर्णयको यथार्थ अभिलेख हो।

(सुरेश राज खकुरेल)
कम्पनी सचिव

(कुलमान घिसिङ)
अध्यक्ष